म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २५७ | सोमबार १८ बैशाख २०८० | ने. सं. ११४३ बछलाथ्व | 1 May 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

अन्तराष्ट्रिय श्रमिक दिवस


## समस्या लुकाउन बाध्य मजदुर

# उजुरी दिन पनि डराउँछन्

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ आज अन्तर्राष्ट्रिय श्रमिक दिवस । श्रमिक दिवस विश्वभर मे १ मा मनाइने गरिन्छ । नेपालमा श्रमिक दिवसको अवसरमा सार्वजनिक विदा दिइएको छ ।

श्रमिकहरुको नाममा सरकारले सार्वजनिक विदा दिएर सम्मान दिए पनि उनीहरुको मन भने खुशी छैन । मनमा अनेकौं पीडा लुकाएर श्रमिकहरु काम गर्न बाध्य भएका छन् । मकवानपुरका आद्योगिक क्षेत्रभित्रका संगठित मजदुरको मात्र नभई अनौपचारिक क्षेत्रका मजदुरहरुको पनि पीडा समान छ । हेटौंडा आद्यौगिक क्षेत्रका मजदुरहरुले सामाजिक सुरक्षा, श्रम ऐन र न्यूनतम पारिश्रमिकसमेत नपाएको र उद्योगबाट यातना भोगेकोसम्मको दुःख पोखेका छन् । अनौपचारिक क्षेत्रका मजदुरहरुको अवस्था झन दयनीय छ ।



लक्ष्मी टेक्नोप्लाष्ट प्रालिमा कार्यरत् सरस्वती घिमिरे र गौरी लामा यसैवर्ष बीना कारण उद्योगबाट निकालिए । १५ दिनलाई बिदा दिएको उद्योगले कामबाटै निकालेको थाहा पाएपछि घिमिरे र लामाले श्रम तथा रोजगार कार्यालय हेटौंडामा उजुरी दिएका थिए । कानुनतः श्रमिकलाई एक महिना अगाडि जानकारी दिएरमात्रै कामबाट निकाल्न पाइने व्यवस्थाविरुद्ध उद्योगले निकालेपछि घिमिरे र लामाको उद्योगमा पुनर्बहाली भएको थियो । बी एण्ड बी सर्भिन सप्लायर्समा कार्यरत् खिमकुमारी पोखेललाई एक वर्षको सञ्चयकोष नदिई, पारिश्रमिक नदिई उद्योगले कानुनविपरित कामबाट निकालेको थियो । पोखेलले कानुनी लडाई लडेपछि सञ्चयकोष, पारिश्रमिक र कामबाट निकाले वापतको क्षतिपूर्ति पाइन् ।

घिमिरे, लामा र पोखेल जस्ता धेरै श्रमिकले समस्या भोग्दै पेट पाल्दै आइरहेका छन् । तर, समस्यामा परेका भन्दा थोरैले मात्रै कानुनी लडाई लडेको श्रम तथा रोजगार कार्यालय, हेटौंडाका प्रमुख कारखाना निरीक्षक छन्दनारायण श्रेष्ठले जानकारी दिए । 'श्रम कार्यालयमा आएको उजुरी त धेरै थोरै हो । श्रमिकहरु धेरै समस्यामा छन् । धेरै श्रमिकहरु उजुरी हाल्नै डराउँछन्', श्रेष्ठले भने । आफ्नो अधिकार प्राप्तिका लागि सरकारी निकायमा उजुरी दिँदा रोजगारदातासँग श्रम सम्बन्ध बिग्रने डरले धेरैले समस्या लुकाएर राख्ने गरेको उनी बताउँछन् ।

श्रम तथा रोजगार कार्यालय हेटौंडामा गत आर्थिक वर्ष ०७८/०७९ मा २० वटा उजुरी परेको थियो । जसमध्ये १३ वटा मात्रै फछ्र्यौट भएको छ । चालु आव २०७९/०८० को चैत मसान्तसम्म ११ वटा उजुरी परेकोमा ८ वटामात्रै फछ्र्यौट भएको थियो । गतवर्षको दायित्व सरेर आएको ७ वटासहित चालु वर्षको ३ वटा गरेर कूल १० वटा उजुरी प्रक्रियामै रहेको कारखाना निरीक्षक श्रेष्ठले जानकारी दिए । अधिकांश उजुरी पारिश्रमिक नपाएको सम्बन्धी मात्रै आउने गरेको उनले बताए । कतिपय समस्याहरु सहमति र मिलापत्रमा टुंग्याउने गरेको उनको भनाइ छ । कार्यालयले गरेको सहमति र मिलापत्र ऐन, नियमसरह हुने उनी बताउँछन् ।

कार्यालयले चालू आर्थिक वर्ष २०७९/०८९ को चैत मसान्तसम्म मात्रै २४ पटक सचेतना कार्यक्रम राखेको छ । मकवानपुर सहित चितवन, रामेछाप, सिन्धुली, धादिङ कार्यक्षेत्र रहेको श्रम तथा रोजगार कार्यालय, हेटौंडाले मकवानपुरमा मात्रै १२ पटक सचेतना कार्यक्रम चलाएको छ । तर, सचेतना धेरै दिएर पनि श्रमिकहरु अधिकार प्राप्तिका लागि उजुरी हाल्नसमेत डराएको श्रेष्ठले बताए ।

औद्योगिक प्रतिष्ठानसँग सम्बन्ध बिग्रने डरले श्रमिकहरु उजुरी नदिई समस्या सहेर बस्न बाध्य भएको उनको भनाइ छ । सरकारले श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ ले श्रमिकका समस्या समाधान गर्ने दाबी गर्दै आएको छ । तर, देशभित्र काम गर्ने श्रमिकका पक्षमा श्रम ऐन र नियमावली बनाइए पनि न्यूनतम पारिश्रमिकको समस्या अझै उस्तै छ ।

सरकारले गतवर्षदेखि श्रमिकका लागि भनेर योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम ल्याएको थियो । तर, उक्त कोषमा जान सरकारकै कारण श्रमिक बञ्चित छन् । सरकारले रोजगार दाता कम्पनीलाई अनिवार्य कोषमा सूचीकरण हुन निर्देशन दिए पनि उद्योग, कलकारखाना र प्रतिष्ठानहरुले नटेरेको कार्यालय प्रमुख श्रेष्ठ बताउँछन् ।

सरकारले बेरोजगारी दर अन्त्य गर्न ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रममा पनि बजेट मात्र खर्चिएको छ । सरकारले वार्षिकरुपमा श्रमिकलाई तालिम, औजार अनुदान र अन्य शीर्षकमा बजेट छुट्याउँदै आएको छ । तर, उक्त बजेट श्रमिकसम्म भने नपुग्ने गरेको श्रमिकले बताउँदै आएका छन् ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र बागमती प्रदेशका अध्यक्ष रामहरि नेपालले सामाजिक सुरक्षा कोष उद्योगहरुले कार्यान्वयन नगरेको बताए । कोष कार्यान्वयनमा नआउनुमा सरकार र उद्योग दुवै दोषि रहेको नेपालको भनाइ छ । उद्योगहरुले सामाजिक सुरक्षा कोष, पारिश्रमकलगायतका सुरक्षाका विषयमा ध्यान नदिई श्रमिक कटौती कार्यलाई प्राथमिकता दिएको भन्दै चिन्तित बने । उनकाअुनसार यसवर्ष 'अधिकार खोसिँदै छ, सचेत बनौं, संगठित हौं, परिचालित हौं र हस्तक्षेप गरौं', भन्ने नारा लिएर श्रमिकहरुले दिवस मनाउने भएका छन् ।

विगतका दिनमा श्रमिक दिवसका दिन मकवानपुरमा श्रमिकहरुका समस्या खोज्ने, सरोकार वाला निकायले समाधानको बाटो बनाउनेलगायत विषयमा छलफल र अन्तर्क्रिया हुँदै आएका थिए । तर, यसवर्ष श्रमिकका कुरा सुन्ने गरी कार्यक्रमसमेत नहुने भएको छ । श्रम तथा रोजगार कार्यालय, हेटौंडाले श्रमिक दिवसको अवसरमा यसअघि गर्दै आएको औपचारिक कार्यक्रम नगर्ने भएको हो । संघीय सरकारले आर्थिक मन्दीको कारण कार्यालयको खाता बन्द गरिदिएपछि कार्यक्रम नगर्ने भएको जनाइएको ।

## कौसी तथा करेसाबारी खेती तालिम सकियो



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ हेटौंडा उपमहानगरपालिकामा सञ्चालन भएको दुई दिने कौसी तथा करेसाबारी खेती तालिम सकिएको छ ।

हेटौंडा-२, वनस्खण्डी सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा दुई सत्रमा भएको तालिम सकिएको हो । तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाले तालिममा सिकेका सीप व्यवहारमा पनि उतार्न आग्रह गरिन् । उनले महिलाहरु उद्यमी र सक्रिय बन्नुपर्नेमा जोड दिइन् । उनले तालिममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै कौसी र करेसावारीमा खेती गर्न आग्रह गरिन् । उनले कौसी तथा करेसाबारी खेती तालिममा सहभागीबाट उत्पादन भएका तरकारीहरु घरायसी उपभोग पश्चात् बाँकी सामग्री बिक्रीका लागि उपमहानगरले बिक्री केन्द्र उपलब्ध गराउने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा २ नम्बर वडा अध्यक्ष बिष्णु गोपाल महर्जन, १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, ११ नम्बर वडा अध्यक्ष जुना दाहाल, १४ नम्बर वडा अध्यक्ष दिपक खड्कालगायतको उपस्थिति थियो । हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ को आर्थिक सहयोग र प्रसिद्ध अर्गानिक कृषि उत्पादन केन्द्र प्रालिको प्राविधिक सहजीकरणमा २ नम्बर वडा भित्रका कृषि अगुवाहरुको लागि तालिमको आयोजना गरिएको थियो । वडा सचिव दीपेन्द्र ढकालले सञ्चालन गरेको कार्यक्रममा वडा सदस्य सुरज बर्तौलालगायतको सहभागिता थियो ।

कार्यक्रम प्रसिद्ध अर्गानिक कृषि उत्पादन केन्द्र प्रालिकी सञ्चालक राधा ढकालको सभाध्यक्षतामा भएको हो । तालिममा २ नम्बर वडाका ६० जना महिलाहरुको सहभागिता थियो । तालिममा सहभागीहरुलाई कौसी तथा करेसावारी खेती गर्न आवश्यक सामग्रीहरु हस्तान्तरण गरिएको थियो ।

## पौडी खेल्ने क्रममा डुबेर राईको मृत्यु

साझाकुरा संवाददाता



हेटौंडा, १७ वैशाख/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका वडा नम्बर ७ मा पौडी खेल्ने क्रममा डुबेर बेहोस एकजना बालिकाको उपचारको क्रममा मृत्यु भएको छ ।

बकैया-७ को हात्तिखोलामा सार्वजनिक सिंचाईको लागि निर्माण गरिएको पोखरीमा पौडी खेल्न गएकी स्थानीय ११ वर्षकी बिनिता राई डुबेर बोहोस भएकी थिइन् । बेहोस अवस्थामा उद्दार गरी थप उपचारको लागि बकैया आधारभूत स्वास्थ्य केन्द्रमा उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

## जेसीज पूर्वअध्यक्ष क्लवमा श्रेष्ठ



साझाकुरा संवाददाता


हेटौंडा, १७ वैशाख/ हेटौंडा जेसीजको पूर्वअध्यक्ष क्लबको अध्यक्षमा धर्मकृष्ण श्रेष्ठ चयन भएका छन् । हेटौंडामा भएको पूर्वअध्यक्षहरुको साधारणसभाले श्रेष्ठलाई अध्यक्षमा चयन गरेको हो ।

उनी वर्ष सन् २००१ का अध्यक्ष हुन् । भेलाले वर्ष सन् २०१९ का अध्यक्ष सन्देश डिसीलाई पूर्वअध्यक्ष क्लबको सचिवमा चयन गरेको छ । हेटौंडा जेसीज २०२२ का पूर्व अध्यक्ष क्लबका अध्यक्ष माधवकुमार न्यौपानेको अध्यक्षतामा भएको साधारणसभामा २५ जना पूर्वअध्यक्ष सहभागी थिए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सदस्यमा निर्वाचित भएका हेटौंडा जेसीजका वर्ष सन् २०१२ का अध्यक्ष कृष्ण कटुवाललाई सम्मान गरिएको थियो ।

संस्थालाई आवश्यक सल्लाह र सुझाव दिँदै सही मार्गदर्शन गर्न भूमिका खेल्ने पूर्वअध्यक्ष क्लबका अध्यक्ष श्रेष्ठले प्रतिवद्धता जनाए । पूर्वअध्यक्षहरुको अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्दै अघि बढ्ने उनले बताए । हेटौंडा जेसीज वर्ष सन् १९७८ मा स्थापित भएको हो । मकवानपुरमा अहिले दुई प्रस्तावित सहित ८ वटा जेसीज सक्रिय छ ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्कः

०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**घडेरीहरू बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# मजदुर दिवस

मजदुरहरुको लागि आजको दिन विशेष दिन हो । हरेक वर्ष मे १ तारिखका दिन मजदुर दिवस मनाइन्छ । मजदुरहरुले आफ्नो हक अधिकार प्राप्त गरेको स्मरणमा यो दिवस मनाउने गरेका छन् । श्रम सम्बन्धलाई व्यवस्थित गर्दै सन् १८८६ मा श्रमिकको पेशागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन प्रत्येक मजदुरको लागि 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' को नाराले अमेरिकाको सिकागोबाट विश्व मजदुर दिवस मनाउन थालिएको हो । मजदुरहरुका लागि आजको दिन विशेष दिन हो । मजदुरहरुको हक अधिकार र मानव अधिकारलगायत विषयमा आवाज बुलन्द बनाउने दिन हो मजदुर दिवस । राजनीतिकरुपमा मजदुरहरुको विषयमा बहस, छलफल गरी हरेक खालका समस्याहरुको उजागर गरेर समाधानको लागि राज्यलाई घचघच्याउने दिन । मे १ तारिखका दिन अन्तर्राष्ट्रिय मजदुर दिवस विश्वभर मनाइने गरिन्छ । 'यस दिनलाई श्रमिकका अधिकार सबैले उपभोग गर्न पाउने सम्पूर्ण अधिकारहरुलाई स्वतन्त्रतापूर्वक उपभोग गर्ने अवसर प्राप्त भएको दिनका रुपमा लिइन्छ ।

मजदुर आन्दोलनले विश्वमा ठूलो उपलब्धि हासिल गरेको छ । मजदुर अधिकारको क्षेत्रमा निकै उपलब्धि हासिल भएका छन् । तर, अझै पनि नेपालमा मजदुरको अवस्था नाजुक नै छ । यो अत्यन्त दु:खको कुरा हो । नीतिगतरुपमा केही राम्रो देखिए पनि कार्यान्वयन तहमा मजदुरहरु चर्को शोषणमा बाँच्न बाध्य छन् । नेपाली श्रम बजारमा अझै पनि ठूलो विभेद छ । चर्को श्रमशोषण, वृत्ति विकासको अभाव, न्यून पारिश्रमिक, स्थायीको अवसरबाट बञ्चित र सामाजिक असुरक्षाजस्ता समस्याबाट पीडित छन् । श्रम गरेर देशको अर्थतन्त्रलाई नै चलायमान बनाउने शक्ति हो, श्रमशक्ति । तर, वास्तविक मजदुरलाई हामी झुत्रो, कमजोर, निरीह मान्छेको रुपमा चित्रण गरिएको पाउँछौं । फोहोर बटुल्ने, भारी बोक्ने, खेत खन्नेलाई सम्मान गर्न नसक्ने र आफूलाई सभ्य ठान्ने सोच नै सामन्ति सोच हो । मानवीय भावनाको कदर गर्न नजान्ने समाजले आफ्नो र आफ्नो श्रमको वास्तविकतालाई बोध गर्न सक्दैन । यतिवेला मुलुक आर्थिक मन्दीमा परेको छ जस्को असर श्रमिक वर्गमा पर्न गएको छ । परिश्रम गर्नेहरुका लागि कोभिड-१९ महामारी र त्यसपछिका आर्थिक मन्दी साँच्चै पीडादायी बनेको छ । दिनभरी काम गरेर पनि बेलुका आफ्नो परिश्रमको फल नपाउने दिन श्रृजना भइरहेका छन् । भर्खर भर्खर वनेका नयाँ सरकार यतिवेला आफ्नो कुर्ची जोगाउने होडमा र सत्ता मोहमा नै दौडिरहेको छ । श्रमजीविहरुको खासै त्यस्तो नयाँ कार्ययोजना ल्याएको पाइँदैन ।

यो अन्तर्राष्ट्रिय मजदुर दिवस केवल दिवसको नारा घन्काउनमात्र होइन, नेपालका श्रमिकको सम्मानका लागि स्मरणीय, उदाहरणीय सफलताको पर्व बन्नुपर्छ । नेपालमा भएका परिवर्तनकारी आन्दोलनमा श्रमिकको भूमिका महत्वपूर्ण रहेको छ । पछिल्लो समय नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित हुनमा पनि मजदुर वर्गको ठूलो भूमिका रहेको स्पष्ट छ । त्यसैले, श्रमको सम्मान नै लोकतन्त्रको वास्तविक सुन्दरता हुनेछ भन्नेमा दुईमत छैन । मजदुर दिवसको अवसरमा सबैलाई शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १९ गते मंगलबार २ मे २०२३ । द्वादशी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:३७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# विश्वासको संकटले रोकिरहेको समृद्धि सपना



✍ झलक सुवेदी

इजरायली इतिहासकार तथा लेखक युभल नोहा हरारीका अनुसार मानव कथामा विश्वास गर्ने प्राणी हो । उनले आफ्नो पुस्तक 'स्यापियन्स: अ ब्रिफ हिस्ट्री अफ म्यानकाइन्ड' मा कसरी वस्तुनिष्ठ वास्तविकता नभएका धर्म, राष्ट्र, प्रणाली, पैसा आदि मानवीय परिकल्पनाबाट सृजित 'कथाहरू' ले मानव सभ्यतालाई डोऱ्याउन थाले भन्ने विषय उजागर गरेका छन् ।

जब यी मानवीय कल्पनालाई सबैले विस्तारै विश्वास गर्दै जान थाले, तब यिनको भौतिक अस्तित्व नभए पनि वास्तविकतामा परिणत हुन थाले । जति धेरै जनाले र जति गहिरो विश्वास गर्न थाले, त्यो 'कथा'को प्रभाव उत्तिकै पर्न थाल्यो ।

यसरी कुनै एक कथा वा विचारले बाँधिएर धेरै मानिस एउटा साझा उद्देश्यको लागि काम गर्न सुरु गरेपछि मात्र मानव सभ्यताले फड्को मार्न सुरु गऱ्यो । विभिन्न सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक परिस्थितिले देशहरूको उत्पत्ति र विकास हुन थाले । जसलाई मूर्तरूप दिन धेरै जना लागिपरे ।

यसरी समान विचारले जोडिएर लाखौं मानिसले आफ्नो जीवन सहज बनाउन रचित संरचना नै अहिले समाजका शक्तिशाली साधन भएका छन् । विभिन्न देशका सरकार र यस अन्तर्गतका विभिन्न संस्थाहरू, मुद्रा, नियम कानुन आदि यसका उदाहरण हुन् ।

सरकारको स्थापना र संचालन मानव जातिले आफ्नो सुरक्षा र सुविधाको लागि बनाएको एक सफल संरचना हो । सरकारको सफलता यसले आत्मसात् गरेका र यो मातहत रहेका विभिन्न प्रणालीहरूमा निर्भर गर्दछ ।

सरकारले प्रभावकारी काम गर्न मानिसहरूको उक्त प्रणालीमा विश्वास हुनु आवश्यक छ । सबैले आ-आफ्नो कर्तव्य निभाए मात्र यो प्रणाली चल्दछ । यसको लागि सबैमा एकअर्कोले आफ्नो काम पूरा गर्छन् भन्ने विश्वास आवश्यक छ । सरकार मातहतका धेरै मान्छेले म एक्लैले गरेर प्रणाली चल्दैन भन्न सुरु गरे भने प्रणालीले साँच्चिकै काम गर्न सक्दैन । अहिले नेपाल सरकार यस्तै अवस्थामा रहेको छ । नेपालमा पनि समयक्रमसँगै विभिन्न संरचना विकसित हुँदै गए । हजारौं मान्छेको विश्वास र जिम्मेवारी बहनबाट यो प्रणाली सृजना भएको हो । तर अरु विकसित देशहरूमा जस्तो सुव्यवस्थित र बलियो प्रणालीहरू नेपालमा विकास हुन सकेनन् ।

धेरै राजनैतिक उतारचढावपछि नेपाल अहिलेको अवस्थामा रहेको छ । लोकतन्त्र प्राप्ति र संविधान निर्माण सम्पन्न भएपछि जुन विकासको गति लिने अपेक्षा गरिएको थियो त्यो पूरा हुनसकेका छैनन् । यसको लागि जिम्मेवार स्थानमा बसेका तर केही जिम्मेवारी नलिएका व्यक्ति दोषी छन् ।

सीमित व्यक्तिले महत्त्वपूर्ण पदमा बसेर आफ्नो कर्तव्य पूरा नगर्दा सरकारले जनताको आवश्यकता र इच्छा पूरा गर्न सकिरहेको छैन । जनतालाई भन्दा सीमित समूह पोस्ने बाटोमा सरकार लागेपछि अहिलेका प्रणालीहरूमा विश्वसनीयताको अभाव खट्किएको छ ।

सरकारमा आपसी समन्वय नहुँदा सरकारी निकायहरूबीच नै विवाद सुरु भएका छन् । मन्त्रालयका कुरा पालिकाले पालना नगर्ने, पालिकाले आफ्नो अधिकार क्षेत्र मिचेर काम गर्न नदिएको जस्ता आरोप-प्रत्यारोप बेला-बेलामा सुनिन्छ ।

भर्खरै केन्द्रले महानगरलाई विभिन्न कुरामा असहयोग गरेको भन्दै बाघदरबार र सिंहदरबार आमनेसामने भएको खबर त सर्वविदितै छ । यो सब प्रष्ट जिम्मेवारी बाँडफाँड र आफ्नो जिम्मेवारी पूरा नगर्नाले भएको हो ।

सरकारले आफ्ना सम्पूर्ण कार्यालयहरूलाई एकढिक्का बनाएर अगाडि बढ्न सकेको छैन र त्यसैले उसले गरेको निर्णयको अपनत्व सरकारी निकायले नै लिन सकिरहेका छैनन् । सरकारले लागू गरेको वार्षिक आयोजना होस् वा दिगो विकासको आयोजना, उद्देश्य पूरा गर्न सम्बन्धित निकाय नै निराश देखिन्छन् ।

राष्ट्रिय गौरवका आयोजनाको प्रगति नगन्य छ । सरकारले देखेको सपनाहरूको कार्यान्वयनमा सरकार मातहतकै कार्यालयहरू विश्वस्त छैनन्, यसबाट कामकाज प्रभावित भएका छन् । यसको फलस्वरूप आम जनतामा पनि प्रणालीप्रतिको भरोसा कमजोर हुँदै गइरहेको छ । जसले जनतालाई 'वोन मेन आर्मी' बनाएको छ । सबै क्षेत्रको जिम्मेवारी आफैंले लिनुपर्ने बनाएको छ । अलिकति ख्याल नगरेको अवस्थामा जेसुकैमा पनि ठगिने अवस्था छ । यहाँ एक आम साधारण व्यक्ति आफैंले आफ्नो स्वास्थ्य, शिक्षा, किनमेल सबैमा आफैं जिम्मेवार हुनुपरेको छ । दिनहुँ अत्यावश्यक चिज जस्तै खानेकुराको गुणस्तर, खानेपानी, दैनिक हुने किनमेल सबैमा आफैं सजग हुनुपर्ने अवस्था छ ।

तरकारीमा विषादी मिसिएको छ कि, अस्पतालमा लापरबाही हुन्छ कि वा पेट्रोल पम्पमा ठगिने पो हो कि भन्ने जस्तो हेर्दा सामान्य देखिने कुराहरूमा अविश्वास सबैतिर देख्न सकिन्छ । यसले नेपाली जीवनलाई थप कठिन बनाएको छ । यहाँ प्रत्येक समस्या व्यक्तिगत तवरबाट झेल्नुपरेको छ । कुनै व्यक्ति चाहेर पनि सबै कुरमा विज्ञ बन्न सक्दैन । त्यसैको परिपूर्ति गर्नलाई अहिलेका प्रणालीहरू विकसित गरिएका हुन् । उसले केही जिम्मेवारी पूरा गर्न सक्छ र बाँकी अरुमा ऊ प्रणालीमा भर पर्नुपर्ने हुन्छ ।

जब उसको अरू आवश्यकता पूरा हुन्छ र ऊ एक मात्रै काममा आफ्नो पूर्ण क्षमताका साथ लागिपर्न सक्छ । उसले समाजलाई योगदान गर्न सक्दछ । जब सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न थाल्छ, तब मात्र जनताले देशप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न सक्षम हुन्छन् ।

जनताको जीवन सहज हुनको लागि सरकार र प्रणालीमा विश्वास हुन आवश्यक छ । आफूले कुनै कामको जिम्मेवारी लिएर अरु कुराको लागि प्रणालीमा भर पर्ने लाभ सबै जनताले अनुभव गर्न पाउनुपर्छ । र, आफ्नो काम उत्कृष्ट रूपमा पस्केर समाज र यसले स्थापना गरेको प्रणालीलाई बलियो बनाउँदै लैजानुपर्छ ।

यदि कोही शिक्षक छ भने उसले आफ्नो सम्पूर्ण ध्यान शिक्षणमा लगाउने वातावरण पाउनुपर्छ, गायक छ भने आफ्नो खुबी सबै गायनमा देखाउन चाहिने आधारभूत सुविधा उसले पाउनुपर्छ अनि मात्र देशमा उत्कृष्ट प्रतिभाहरू जन्मिन्छन् ।

देश नेता मात्रैले कहिल्यै पनि बनाउँदैनन् । देश त आफ्नो जिम्मेवारी पूरा गर्ने मिहिनेती शिक्षक, डाक्टर, खरिदार, लेखक, सूचीकार, कुचीकार आदिले बनाउँछन् । यसरी जब देशमा विद्यमान प्रणाली बलियो भई जनताको आधारभूत आवश्यकता पूरा गर्न थाल्छन् तब मात्र देश विकसित हुन्छ ।

त्यसैले विभिन्न देशको अवस्था र ती अवस्थाको कारण सम्बन्धी अध्ययन गरिएको प्रसिद्ध पुस्तक 'ह्वाइ नेसन्स फेल' मा देशमा जनताको कल्याणको लागि काम गर्ने शक्तिशाली 'इन्स्टिच्युसन' हुनु नै विकासको मुख्य पूर्वशर्त भनिएको छ । यसको लागि कुशल राजनैतिक नेतृत्वको आवश्यकता पर्दछ । जब सरकारी निकायका व्यक्तिहरू आफ्नो जिम्मेवारी सम्झेर काम गर्न सुरु गर्छन् तब जनताको पनि विश्वास बढ्न थाल्छ । उनीहरूले पनि सरकारको योजनामा साथ दिन थाल्छन् र ठूला भनिएका कामहरू पनि रफ्तारमा हुन सक्छन् ।

सरकारले जिम्मेवारीपूर्वक काम गर्ने हो भने जनताले सरकारलाई कसरी प्रभावकारी रूपमा सहयोग गर्छन् भनेर केही अगाडिको नेदरल्याण्डको घटनालाई हेर्न सकिन्छ । रसिया-युक्रेन युद्धबाट उब्जेको परिस्थितिको कारण रसियन ग्याँसमा निर्भरता कम गर्न डच सरकारले खपत कम गर्ने विभिन्न नयाँ प्रावधानहरू जारी गरेको थियो र जनताको साथ खोजेको थियो । जनताले स्वतस्फूर्त ऊर्जा खपत कम गर्न आफ्नो उपभोग घटाए । यो सबै आफ्नो देशको प्रणालीमा भएको विश्वास र त्यो प्रणाली चलाउन आफूले दिनुपर्ने योगदानको जिम्मेवारीबोधले सम्भव भएको हो ।

नेपालमा विश्वासिलो प्रणाली विकासका लागि धेरै कुरा गर्नुपर्ने छन् । विशेषगरी सरकारी कार्यप्रणालीमा व्यापक सुधारको आवश्यकता छ । सबै कर्मचारीले जिम्मेवारीबोध गरी आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ ।

जनताको विश्वास लिनको लागि पहिले सरकार आफूले नै आफ्नो प्रणालीमा विश्वास गर्नुपर्छ । यसको लागि राजनैतिक दल र तिनका नेताले नेतृत्वदायी भूमिका खेल्नुपर्छ । हाम्रो माटो सुहाउँदो 'नेपाली ड्रिम' सृजना गरी त्यसमा सबैको विश्वास जगाउनुपर्छ । 'समृद्ध नेपाल, सुखी नेपाली' जस्तो नारालाई सारा नेपालीको साझा सपना बनाउनुपर्छ । यसको लागि माथिल्लो तहले आफ्नो जिम्मेवारी पूरा गरी तल्लो तहलाई दिशानिर्देश गर्नुपर्छ ।

अहिलेको शिक्षामा पनि व्यापक रुपान्तरण आवश्यक छ । सबै नेपालीलाई बाँधेर एकीकृत उद्देश्यमा विश्वास गराउने शिक्षा अहिलेको आवश्यकता हो । हामीमा कामलाई सम्मान र जिम्मेवारी पूरा गर्ने संस्कृतिको विकास गर्न पनि जरुरी छ । सबैले साझा सपनामा विश्वास गरेर आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने नेपालले पनि यो नयाँ दशकमा विकासको नयाँ फड्को मार्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# नयाँ दलप्रतिको 'क्रेज', आशङ्का र परिवर्तनको अपेक्षा



✍ सञ्जीव कार्की

**नयाँ दल पुरानोको विकल्प भनेको सुनिन्छ । यो भाष्यमा पनि परिवर्तनको खाँचो देखिन्छ । पुरानोको ठाउँमा नयाँ होइन । पुरानोको स्थानमा फरक सोच, दीर्घकालीन योजना, नयाँ शैली र स्वभाव पनि हो ।**

अहिले राजनीति क्षेत्रमा सबै कुरा नयाँ नै राम्रो र असल हो, पुरानो सबै खराब र कमसल भन्ने विचार विकास हुँदै गएको छ । खराबी नयाँ र पुराना सबैमा हुन्छन् । तर पुराना दलको खराबीलाई नयाँ दलले पहिचान गर्न सक्नुपर्छ । नयाँ दलका जोशलाई पुराना दलले सार्थक परिणतिमा पुर्याउन मद्दत गर्छ ।

आजको राजनीतिले अनुहार, उमेर र स्वरमा नयाँ नभएर शैली, चिन्तन, व्यवहार र संस्कारमा नयाँपन खोजेको छ । यसर्थ विकल्प हो तर पुरानाको विकल्प नयाँ होइन । नयाँ नयाँ हुनुपर्छ । तर त्यसले समाजलाई हेर्ने, सामाजिक समस्या निराकरण गर्ने, असन्तोष र विद्रोहलाई सम्बोधन गर्ने दार्शनिक धरातल सुस्पष्ट हुनुपर्छ । फरक तरिकाले 'डेलिभरी' गर्ने नीति तथा कार्यक्रम बन्नुपर्छ । पुरानाले गरेनन् अब नयाँ भन्ने कुरा गर्दा अनुहारमा पुस्ता फरक होला तर तरिकामा फरक नहुन सक्छ ।

आजको समय गहन दर्शन र वैचारिकीको मात्रै होइन, डेलिभरीको पनि हो । पब्लिकलाई दिने सेवा र सुविधा चुस्त, दुरुस्त र शीघ्र डेलिभरीको हो । दर्शन र वैचारिकीले मात्र केही हुँदैन । नाङ्गो आङमा कपडा, भोको शरीरमा खाद्यान्न र चुहिने छानोमा जस्तापातासहित दिगो लक्ष्य र सरल मार्ग अनि व्यवस्थित प्लानिङसहितको विकास निर्माण सभ्यता र संस्कार आजको राजनीतिको मूल प्रस्थानविन्दु हो ।

नैतिक रूपमा आदर्श र उच्च चारित्र निर्माण गर्ने रोजगारमूलक शिक्षाको व्यवस्था हुनुपर्छ । परिवारको कुनै सदस्य बिरामी हुँदा घर खेत गुमाउनुपर्ने अवस्था छ । स्वास्थ्य क्षेत्रको यस्तो अवस्थालाई परिवर्तन गर्नु जनताको आजको माग हो । समयलाई सम्बोधन गर्न सक्ने नूतन वैचारिकी समाजले खोजेको छ । कर्मशील, निष्ठावान् र इमानदार राजनीतिक व्यक्तिमार्फत सुशासन चाहिएको छ । विधिको पक्षमा काम गर्ने नेता खोजेको छ ।

सार्वजनिक सेवा दिने संस्थाहरू किन निकम्मा भए ? सार्वजनिक सेवा प्रवाह चुस्त रूपमा दिन नसक्नुको प्रयाप्त कारण खोजेर शीघ्र उपचारात्मक प्रबन्ध देशलाई चाहिएको छ । यो वाद, दर्शन र सिद्धान्तको युग नभएर डेलिभरीको युग हो । स्थानीय आवश्यकता र अवस्थितिलाई सम्बोधन गर्ने स्वायत्त अधिकार उपयोगको समय हो । पुराना दलले विगतको व्यवस्था परिवर्तन, योगदान र सक्रियताको ब्याज जीवनपर्यन्त भोग्ने लोभलाई त्याग्नु अत्यावश्यक छ ।

जेल, नेल, निर्वासन र भूमिगत जीवनको बायोग्राफीकै आधारमा एउटा पुस्ता योग्य हुने तर अर्को पुस्तालाई नजानिँदो तरिकाले निषेध गरेका कारण पुराना दलप्रति नयाँ पुस्ताको आकर्षण कम देखिएको हो । नयाँलाई हामी नयाँ हौं, जे पनि गर्न मिल्छ र सक्छौं भन्ने ईर्ष्या पलाएको छ । नयाँको सबै स्वीकार्य र पुरानाको सबै अस्वीकार्य भन्ने सोच सर्वथा गलत छ । पुरानाबाट सिक्ने र नयाँलाई सिकाउँदै स्पेस दिने बानी बुढा र पुराना पुस्ताका नेताले गर्नुपर्छ । राजनीतिमा नयाँ जोशसहित आएकालाई कतिपय प्रक्रिया, विधि र सामाजिक अनि राजनीतिक मूल्यबारे कम ज्ञान छ । यसर्थ राजनीतिक ज्ञानको मार्ग फराकिलो गर्नुपर्ने आवश्यकता नयाँका लागि चुनौती हो । ज्ञान, सीप र अनुभव बेगर रुचि र साहसले मात्रै कोही पनि सगरमाथा आरोहण गर्न सफल हुँदैन । आरोहणका पनि आफ्नै प्राकृतिक नियम हुन्छन् । आरोहण सफल भनेको शिखर पुग्नु मात्रै होइन, सहज अवतरण पनि हो । सगरमाथा शिखरमा पुगेर खुम्बुरिएकाहरू, खर्पसमा भासिएकाहरू सफल आरोही होइनन् । आधार शिविर हुँदै सगरमाथा आरोहण गरिन्छ र अवतरणको सुरक्षित मार्ग पनि यही हो ।

सत्ताको विद्रूप खेलबाट सत्ताको तालचाबी खोस्नु छ । यसमा कुनै शङ्का छैन । तर चाबी खोल्न सक्नेले खोस्नुपर्छ । खोस्नेले खोल्न नसक्न पनि सक्छ । यस कुरामा हेक्का जरुरी छ ।

हाम्रो समस्या चाबी खोस्नेले ताला खोल्छ भनेर शतप्रतिशत विश्वास गर्नु पनि हो । कसैलाई शङ्का नै नगरी विश्वास गरिहाल्ने बानीले हामीलाई धोका भएको छ । हामी ईश्वरीय अवतारका रूपमा कसैलाई विश्वास गर्छौं, कसैको उदयलाई सम्झन्छौं । यो प्रवृत्ति आजको समयमा धोकाको सिकार बन्ने बाटो हो । अत: आलोचनात्मक चेतसहित समर्थन र विरोध गरौं । नयाँ पार्टी सबैका लागि चुनौती हो । यसमा दुई मत छैन तर सबै समस्याको जादुगरी समाधान ऊ एक्लै होइन । नयाँ पार्टी अरूका लागि मात्र नभएर आफ्नै लागि पनि चुनौती हो । नयाँका लागि आफ्नै व्यवस्थापन प्राथमिक चुनौती हो भने अन्य चुनौती द्वितीय ।

नयाँले व्यक्तिलाई भन्दा प्रणालीलाई जोड दिनुपर्छ । पोलिसी र प्रयोगलाई प्राथमिकीकरण गर्नुपर्छ । यद्यपि प्रणाली निर्माण गर्ने काम नेतृत्वदायी व्यक्तिका कदम कदममा निहित हुन्छन् ।

हाम्रो पुस्ताले २०६४ मा माओवादीको सफलता र मधेशवादीको बहार देखेर राजनीतिको विश्लेषण मूल्याङ्कन गर्ने क्षमता राख्छ । हेमबहादुर मल्ल र शारदा मल्लले अत्यधिक मतसहितको २०४३ को राष्ट्रिय पञ्चायतको चुनावी जितेका देखेको छ । यसलगत्तै २०४८ सालको संसदीय चुनावमा उनीहरूको जमानतजफत भएको पनि हाम्रो पुस्ताले देखेको छ । २०६४ सालको संविधान सभाको चुनावमा डाक्टर बाबुराम भट्टराईले ४० हजारभन्दा बढी मत अन्तरले चुनाव जितेको पनि बिर्सिएको छैन । मदन भण्डारी र विद्या भण्डारीले २०४८ र २०५० मा कृष्णप्रसाद भट्टराईलाई पालैपालो चुनाव हराएका थिए । २०६४ मा केपी ओली र माधव नेपाल दुई ठाउँबाट नेकपा माओवादी केन्द्रका साधारण कार्यकर्ताद्वारा पराजित भएको दृश्य पनि देखेको हो । राजनीतिक क्षेत्रका यस्ता अनेक घटना हाम्रो पुस्ताले पढेको, सुनेको र देखेको छ ।

जो जसरी नेता भए पनि ऊ सामाजिक चेतना र व्यवहारको उपज हो, उत्पादन हो । विशेष धातु निर्मिति वस्तु होइन । हुङ्कार गर्नेको नैतिक धरातल बलियो हुनुपर्छ । अनैतिक व्यक्तिले धेरै ठूलो हुङ्कार प्रदर्शन गर्छ ।

नागरिकतालाई कागजको विषय र भावनाको विषय मात्रै बनाउने दुवै अतिवादी हुन् । नागरिकता भावना र कागज मात्रै होइन, जनजनको आफ्नो ममता र माटोप्रतिको माया देशप्रतिको कर्तव्य र अविश्रान्त लगाव हो । त्यसैले कागज प्राविधिक कुरा मात्र होइन, प्रक्रियाको प्राविधिक त्रुटि अक्षम्य अपराध बन्दैन । तथापि वस्तुनिष्ठ बन्न जानिएन भने फन्दामा परिन्छ । कानुनले भावना र व्यावहारिकता हेर्दैन, प्रमाण र कानुनी प्रबन्ध हेर्छ । त्यसैले बहकिन छोडेर यथार्थ धरातलमा बस्न जान्नुपर्छ ।

माओवादी जनयुद्धमा हजारौंले बलिदान दिए । त्यस क्रममा हजारौं व्यक्तिका अङ्गभङ्ग भए, घाइते भए, सयौं बेपत्ता पारिए । हजारौं व्यक्तिले जेलनेल र भूमिगत जीवन बिताएर माओवादीले सत्ता प्रवेश गर्दा नगर्दै आफ्नो आधारभूत चरित्र गुमाए । सुख भोग, सत्ता भोग र अवसरवादको भुलभुलैयामा हजारौं नेताकार्यकर्ता भसिए । विसं २०६४ ताका माओवादी को थिएन ? माओवादीको बाखो देख्दा पनि मान्छेको सातो जान्थ्यो, मुटु काँप्थ्यो । माओवादीले गर्न नसक्ने कुरा केही थिएन । माओवादीले देखाउन बाँकी सपना केही थिएन । प्रचण्ड, बाबुरामको देवत्वकरण गर्दा कुनै विम्ब, प्रतीक र मानकहरू छुटेका थिएनन् । चमत्कारको भाष्य सिर्जना गर्न कुनै कसर छोडिएको थिएन ।

तर त्यसको 'रिजल्ट' कस्तो आउँदै गयो भन्ने कुरा सबैलाई जग जाहेर छ । २०७४ को चुनावपछिको ओली क्रेज र नेकपाको शक्तिले धेरै विपक्षीलाई अत्याएको थियो । सामान्य मान्छे चुचे रेल र पानी जहाजको सपनामा पुलकित थिए । ओलीले जनतालाई नदेखाएको कुनै सपना थिएन । दुई तिहाइको सरकारको सामर्थ्यले अरू तीन चार आवधिक निर्वाचन नेकपाबाट कसैले खोस्न सक्दैन भन्ने जनजनको बुझाइ थियो । समय कसरी फेरि यो भन्ने कुरा सबै राजनीतिक घटना क्रमबाट थाहा हुन्छ ।

लहड, लहर, वेग र आक्रोशको मत थाम्न नयाँ पार्टीले थुप्रै ढुङ्गा चपाउने र पचाउने क्षमतासहित राजनीतिको रथ हाँक्नुपर्छ । पार्टी नेताकार्यकर्तालाई बेस्सरी प्रशिक्षण दिएर फलामे अनुशासनमा राख्नुपर्छ । सबैको घर, व्यवहार र अनुहारमा पारदर्शी ऐना राख्नुपर्छ । अन्यथा ऋतुहरू परिवर्तन भइरहन्छन् । राप र तापलाई इनर्जी बनाएर राजनीतिको फ्रेममा हाल्न सकिएन, वैचारिक पाइन लाउन सकिएन भने दुर्घटना कसैको बसमा रहन्न ।

अरूले गर्न नसकेको उसले गर्न सक्दैन भन्ने होइन तर जादुको छडी कसैसँग छैन । राज्यको पनि सामर्थ्यको कुरा आउँछ । व्यक्तिभन्दा प्रणाली बलियो बनाएर जानु सबैभन्दा उत्तम विकल्प हो । एउटा व्यक्तिलाई अतृप्त सपनाका सबै भारी उठाउन लगाइयो भने सही निष्कर्ष ननिस्कने सम्भावना धेरै हुन्छ । त्यस्ता व्यक्ति दुर्घटनामा परे, पलायन रोजे भने उसको मुद्दा र अभियान असमयमा समाप्त हुने स्थिति बन्नुहुन्न । राजनीति भेलबाडी होइन, गड्गडाएर सुकी जाने खहरे पनि होइन । अविरल बगिरहने नदी हो । राजनीतिको नदी सङ्लो र धमिलो भइरहन्छ, यो एउटा प्रक्रिया हो । नदी सङ्लो बनाउने प्रयत्न हुनुपर्छ ।

विस्थापन पुराना दलको विकल्प होइन । नयाँ मान्यता, शैली, नीति, नेता र नियत विस्थापित हुनुहुन्न । पुरानाहरू भिरमा पुगेर पनि फर्कन नजान्दा दुर्घटनामा परे । चुनाव मात्रै जित्ने, जसरी पनि जित्नुपर्ने खालको नयाँ दल राजनीति सचेत मान्छेले खोजेको होइन । उच्चतम आदर्श चाहिँदैन, न्यूनतम नैतिकता ख्याल गरिदिए हुन्छ । अनुपस्थितिमा उपस्थितिको ग्यारेन्टी खोजेको हो । व्यक्तिलाई सम्बोधन नभएर मुद्दा र विषयलाई सम्बोधन भएन आजसम्म भन्ने सरोकार हो । व्यक्तिको प्रतिनिधित्व एउटा आवाज हो, मुद्दाको प्रतिनिधित्व सामूहिक र बृहत्तर आवाज हो ।

नयाँ दल पुरानोको विकल्प भनेको सुनिन्छ । यो भाष्यमा पनि परिवर्तनको खाँचो देखिन्छ । पुरानोको ठाउँमा नयाँ होइन । पुरानोको स्थानमा फरक सोच, दीर्घकालीन योजना, नयाँ शैली र स्वभाव पनि हो । दृष्टिकोण नै नयाँ हो । पुरानो बदलेर नयाँ नभएर पुरानै पनि नयाँ हुनु हो ।

*(साभार: रातोपाटी)*

# स्थानीय तह र प्रदेशमा कर्मचारी हाहाकार, संघमा दरबन्दी थपिँदै



काठमाडौं/कर्मचारी समायोजनमा स्वीकृत दरबन्दी फेरबदल गर्दै सरकारले संघीय निजामती सेवामा पाँच हजारभन्दा बढी कर्मचारीको दरबन्दी थपेको खुलेको छ । कर्मचारी समायोजनका क्रममा तय गरिएको दरबन्दी फेरबदल गरी पछिल्लो तीन वर्षमा संघीय तहमा पाँच हजार कर्मचारीको दरबन्दी थप गरिएको छ भने प्रदेश र स्थानीय तहको दरबन्दी घटाइएको छ ।

२०७५ मा कर्मचारी समायोजन गर्दा संघीय निजामती सेवामा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ गरी कुल एक लाख ३७ हजार ६१४ जनाको दरबन्दी स्वीकृत भएको थियो । अहिले प्रदेश र स्थानीय तहमा कटौती गरी संघीय तहमा ५ हजार दरबन्दी थपिएको छ ।

लोक सेवा आयोगको वार्षिक प्रतिवेदन २०७९ अनुसार, अहिले संघीय तहको दरबन्दी ५३ हजार ५३१ पुगेको छ । प्रदेश तहको दरबन्दी १७ हजार ३२२ र ७५३ वटा स्थानीय तहको दरबन्दी ६५ हजार २६९ छ । संघीय, प्रदेश र स्थानीय तहका कर्मचारीको कुल दरबन्दी केही घटाइए पनि अहिले संघीय तहमा भने ५ हजारभन्दा बढी नयाँ दरबन्दी सिर्जना गरिएको हो ।

सरकारले प्रदेश तहको दरबन्दी करिव २२ प्रतिशतले कटौती गरी त्यो हिस्सा संघीय तहमा थपेको छ । स्थानीय तहको दरबन्दी भने खासै फेरबदल भएको छैन । संघीय तहमा हटाउनुपर्ने संरचना यथावत राखी कतिपयमा दरबन्दीसहित कर्मचारीहरु समेत थपिएको हो, जसले गर्दा प्रदेश तहमा भारी मात्रामा दर बन्दी कटौती भएको छ ।

पूर्व मुख्यसचिव लिलामणि पौड्याल अहिले जिम्मेवारी प्रदेश र स्थानीय तहमा पुगेको, तर कर्मचारीहरु भने संघीय तहमा थुप्रिएको बताउँछन् । 'राज्यका जिम्मेवारी र कामहरु एकातिर, तर कर्मचारी अर्कोतिर भए । संघीय तहमा दरबन्दी थप्ने काम पटक्कै ठीक होइन', उनी भन्छन्, 'संविधान जारी हुनुभन्दा ठीक अघिको तुलनामा अहिले सचिव र सहसचिवका पद धेरै छन् । संघीय तहमा अनावश्यक संरचनाहरु कायम राखिएको छ ।'

संघीयता कार्यान्वयनपछि गृह मन्त्रालयमा विपद व्यवस्थापन प्राधिकरण र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग थपिएको छ । स्थानीय तहको अधिकारक्षेत्र रहेका शिक्षा, कृषि, पशुपंक्षी विभाग यथावत छन् । कर्मचारीहरुको दरबन्दी पुनरावलोकन र व्यवस्थापन गर्नुपर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार विभाग यथावत राखेको छ । उच्चस्तरीय प्रशासन सुधार आयोगको सुझाव अनुसार, संघीय तहमा रहेका अनावश्यक कार्यालयहरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छैनन् । संघीय सरकारले कृषि र पशुसेवा कार्यालयलाई ज्ञान केन्द्रको नाममा ७७ जिल्लामा यथावत राखेको छ ।

पूर्वमुख्यसचिव लिलामणि पौड्याल खानेपानी, शहरी विकास र सडकका डिभिजन कार्यालयहरु धमाधम थपिएको बताउँछन् । सेवा संकुचित भइसकेको अवस्थामा सेवा र कार्यशैली रुपान्तरण विना नै हुलाक कार्यालयहरु वडा तहमा फैलिएका छन् । त्यतिबेला हरेक प्रदेशमा बढीमा ७ वटाभन्दा बढी मन्त्रालय थप्न नहुने भनी दिएको सुझाव समेत कार्यान्वयन भएको छैन ।

विभिन्न अध्ययन, आयोग र समितिहरुले संघीय तहको दरबन्दी घटाई छरितो बनाउन, कतिपय कार्यालय खारेज गर्न सुझाव दिएका छन् । यस्ता अध्ययनहरुले कामको चाप भएको प्रदेश र स्थानीय तहमा कर्मचारी थप्न सुझाव दिएका छन् । पछिल्लो तलब आयोगले प्रचलित निजामती सेवा ऐनमा कुनै नयाँ सरकारी कार्यालय स्थापना, संगठन संरचना तयार र नयाँ दरबन्दी सिर्जना गर्दा वा दरबन्दी पुनरावलोकन गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था छ ।

त्यो सर्वेक्षण प्रतिवेदन मन्त्रिपरिषदले स्वीकृत गरेपछि मात्रै कार्यान्वयन हुन्छ । सर्वेक्षणका लागि २०६६ मा बनेको निर्देशिका परिवर्तन भएको छैन । तर, कर्मचारी समायोजनपछि समेत संघीय तहमा आवश्यक नपर्ने निकायहरु यथावत राखिएको छ भने कतिपय नयाँ कार्यालय व्यूँताइएको छ ।

गतवर्ष तत्कालिन सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा सचिवहरुको संख्याबारे अध्ययन गर्न समिति गठन भएको थियो । समितिले अर्थ, उद्योग, उर्जा, कृषि, शिक्षा, स्वास्थ्य मन्त्रालयमा दुई/दुई जना सचिवहरुको दरबन्दी घटाउन सुझाव दिएपनि अहिलेसम्म कार्यान्वयन भएको छैन । उसले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोगबाहेकका अन्य संवैधानिक आयोगहरुमा सचिव नराख्न सुझाव दिएको प्रतिवेदन अहिलेसम्म कार्यान्वयन भएको छैन ।

समायोजनपछिको कर्मचारी व्यवस्थापन तदर्थमा चलेको भन्दै महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमार्फत प्रश्न उठाएको छ । 'संविधान जारी भएको ७ वर्ष व्यतित हुँदा समेत निजामती सेवा र अन्य सरकारी सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरूसम्बन्धी संघीय ऐन जारी हुन सकेन' प्रतिवेदनमा भनिएको छ, 'समायोजन भएका कर्मचारी, प्रदेश तथा स्थानीय तहका लागि नियुक्त भएका कर्मचारीको सरुवा, बढुवा लगायत वृत्ति विकासका अवसरहरूमा स्पष्टता हुन सकेको छैन ।'

गतवर्ष मात्रै सरकारले बजेटमा संघीय निजामती सेवाको दर बन्दी १० प्रतिशतले कटौती गर्ने भनेपनि त्यो सुझाव कार्यान्वयन भएको छैन । उच्चस्तरीय तलब आयोगले आगामी दुई वर्षसम्म नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा नयाँ भर्ना नलिन सुझाव दिएको छ । उसले कर्मचारीहरुको दरबन्दी भारी रुपमा कटौती गर्न र सेवा अवधि बढाएर ६० वर्ष कायम गर्न सुझाव दिएको छ ।

अहिले नेपाल सरकारसँग मुख्यसचिव सहित ७४ जना सचिवहरुको दरबन्दी छ । लक्ष्मण अर्यालको नेतृत्वमा गठन भएको समितिले संघीय तहमा ४९ जनामात्रै सचिव भए हुने भनी प्रतिवेदन बुझाएको थियो । प्रधानमन्त्री कार्यालयमा आठ जना सचिव छन् । उच्चस्तरीय तलब आयोगका संयोजक समेत रहेका पूर्वमुख्यसचिव पौड्यालका अनुसार, अहिले ४८ हजार रहेको संघीय तहको दरबन्दी बढाउने होइन, १३ हजारले घटाएर ३५ हजारमा सीमित गर्न प्रतिवेदनमार्फत सिफारिस भएको छ ।

योजना र मापदण्ड अनुसार समायोजन कार्यान्वयन नगरेको भन्दै महालेखा परीक्षकको कार्यालयले प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीको मनोबल घटेको औंल्याएको छ । 'काम गर्ने उत्प्रेरणा नभएको, समायोजन भएको कार्यालयमा हाजिर हुन नगएको र गएपनि प्रदेश वा स्थानीय तहप्रति जिम्मेवार भई काम नगरेको अवस्था छ' प्रतिवेदनमा भनिएको छ, 'यसबाट संविधानले परिकल्पना गरेअनुसार प्रदेश र स्थानीय तहबाट प्रभावकारी रूपमा सेवा प्रवाह हुन सकेको छैन ।'

संविधान जारी भएको करिव आठ वर्ष बितिसक्दा पनि संघीय निजामती सेवा ऐन जारी हुन सकेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पदमा पुगेलगत्तै निजामती लगायत सार्वजनिक चासो र सरोकारका ऐनहरु संसदको यो अधिवेशनमा पेश गर्ने दावी गरेपनि मस्यौदालाई पूर्णता समेत दिन सकेनन् ।

संघीय निजामती सेवा ऐन जारी नभएपछि प्रदेश सरकारहरुले भने आ-आफ्नो निजामती सेवा ऐन जारी गरेका छन् । कोशी, मधेश, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशले जारी गरेको ऐनको आधार भूत विषयमा एकरुपता छैन । जसले गर्दा आगामी दिनमा संघीय ऐन जारी भएपछि समेत ती ऐन परिमार्जन गर्नुपर्ने अर्को झञ्झट हुने भएको छ ।

तलब आयोगले तत्काल संघीय तहमा कर्मचारीको दरबन्दी घटाउन, दरबन्दीभन्दा बढी भएका कर्मचारीहरुलाई प्रदेश तथा स्थानीय तहमा पठाउन सुझाव दिएको थियो । यति कर्मचारीहरु प्रदेश र स्थानीय तहमा जान तयार नभएमा पुल दर बन्दीमार्फत सेवाग्राहीको भीड हुने, स्थानीय र प्रदेश तहमा खटाउन सिफारिस गरेको छ । उसले स्थानीय, प्रदेश र संघीय तहको प्रतिनिधित्व हुने गरी प्रशासनिक पुनर्संरचना गर्नुपर्ने सुझाव समेत दिएको छ ।

सरकारले ठूलो संख्यामा कर्मचारीहरुलाई अतिरिक्त समूहमा राखेको छ । निजामती सेवा ऐनमा ३ महिनाभन्दा बढी अतिरिक्त सेवामा राख्न नपाइने व्यवस्था भएपनि त्यसको कार्यान्वयन भएको छैन । अतिरिक्त समूहमा रहेका कर्मचारीहरुको व्यवस्थापनका लागि गतवर्ष मात्रै करिव साढे १० करोड रुपैयाँ खर्च भएको छ ।

दुई महिनाअघि सरकारलाई प्रतिवेदन बुझाएको उच्चस्तरीय तलब आयोगले संघीय संरचनामा कर्मचारी दरबन्दी भारी मात्रामा कटौती गर्न सुझाव दिएको छ । अहिले समेत २२ वटा मन्त्रालय कायम रहेको भन्दै आयोगले त्यसलाई १६ मा सीमित गर्न सुझाव दिएको छ । अर्थशास्त्री डा. डिल्लीराज खनाल नेतृत्वमा २०७५ सालमा गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले पनि संघीय तहमा मन्त्रालयको संख्या १६ भन्दा बढी नबनाउन सुझाव दिएको थियो ।

राष्ट्रिय सभा सदस्य डा. खिमलाल देवकोटा नेतृत्वको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले संघीय तहका संरचना र कार्यालयहरु भारी मात्रामा कटौती गर्न सुझाव दिएको थियो, तर त्यसको कार्यान्वयन भएन । उनी संघीयता कार्यान्वयन र कर्मचारी व्यवस्थापनका सवालमा सरकार कर्मचारीतन्त्र सामू निरीह र लाचार भएको टिप्पणी गर्छन् ।

'स्थानीय र प्रदेश तहमा कर्मचारीहरुको चरम अभाव छ । सिंहदरबारमा कर्मचारीहरुको अनावश्यक भीड छ', उनी भन्छन्, 'सरकार निर्मम भएर सिंहदरबारको भिड प्रदेश र स्थानीय तहमा पठाउनुपर्नेमा कर्मचारीहरुसामू लाचार बनेको छ । कर्मचारीहरुले आफ्नो अनुकुलताका लागि संघीयता नै कार्यान्वयन हुन नदिने मनोवृत्तिमा छन् ।'

*(स्रोत: अनलाइनखबर)*

# 'नाई नभन्नू ल ६' हेरेपछि आँचलको तारिफमा नथाकेका पल



काठमाडौं/गत फागुनमा जेलमुक्त भएका अभिनेता पल शाहले करिब एक वर्षपछि हलमा पुगेर नेपाली फिल्म हेरेका छन् । उनले आइतबार साँझ ललितपुरस्थित लाबिम मलको क्यूएफएक्स हलमा फिल्म 'नाई नभन्नू ल ६' हेरेका हुन् । उनी फिल्मकी मुख्य अभिनेत्री आँचल शर्माको निमन्त्रणामा पुगेका थिए । र, फिल्म पनि उनले आँचलसँगै बसेर हेरे । 'आँप जोडी' तीन वर्षपछि एकसाथ देखिएको हो ।

फिल्म हेरेपछि सञ्चार कर्मीसँग कुराकानी गर्ने क्रममा पलले आँचलको अभिनयको प्रशंसा गरे । फिल्ममा सबैभन्दा राम्रो आँचलको अभिनय लागेको बताउँदै उनले भने, 'आँचलजीको काम 'बेस्ट' लाग्यो । अभिनय 'स्किल' धेरै 'इम्प्रुभ' भएको रहेछ । फिल्ममा राम्रो पक्ष नै उहाँको अभिनय लाग्यो ।' उनले फिल्ममा आँचलको केमेस्ट्री आशिर्वाद क्षेत्री (नव-नायक)सँग सुहाएको पनि धारणा राखे ।

फिल्मको कतिपय सिन 'नाईं नभन्नू ल ४'को जस्तो महसुस भएको पलले बताए । यो सिरिजसँग आफ्नो 'इमोसन' जोडिएको उनको भनाई छ । पलले आँचलसँग भविष्यमा फिल्ममा सहकार्य हुनसक्ने पनि बताएका छन् । उनले भने, 'आँचलजीसँग त मेरो सबैभन्दा रुचाइएको केमेस्ट्री हो । हामी फिल्ममा एकसाथ आउने भएपछि स्क्रिप्ट पनि त बलियो नै चाहियो । एकदिन सहकार्य हुन सक्छ ।'

त्यस्तै, आँचलले आँपको सिजन आउन लागेकाले घरिघरि आउँदा मज्जा नआउने बताउँदै फिल्ममा सहकार्य हुनसक्ने संकेत गरिन् । उनले फिल्म क्षेत्रमा आफ्नो एकमात्र साथी पल रहेको बताउँदै आफ्नो फिल्मलाई सहयोग गर्न आइदिएकोमा आभार प्रकट गरिन् । पल र आँचलले दर्जनौं म्यूजिक भिडियोसँगै 'नाईं नभन्नू ल ४', 'जोनी जेन्टलम्यान' र 'शत्रु गते' फिल्ममा सँगै अभिनय गरेका छन् ।

# हलमा 'जारी'कै दबदबा




काठमाडौं/नेपालीमा एउटा उखान छ, 'नपत्याउने खोलाले बगाउँछ ।' फिल्म 'जारी'ले यो उखानलाई चरितार्थ गरिदिएको छ । टिजर रिलिज हुँदासम्म फिल्मको व्यापार बलियो हुने अपेक्षा फिल्मकर्मीलाई मात्र होइन, टिमकै सदस्यहरुलाई पनि थिएन । त्यसमाथि फिल्मको प्रदर्शन पटक-पटक सर्दै आएको थियो । तर, जब ट्रेलर र 'चरी बस्यो' गीत रिलिज भयो त्यसपछि फिल्मको हाइप ह्वात्तै चुलियो ।

प्रदर्शनको पूर्वसन्ध्यामा गरिएको प्रिमियरमा प्राप्त उत्कृष्ट प्रतिक्रिया र मल्टीप्लेक्सहरुले उपलब्ध गराएको शोको टिकट एड्भान्स बुकिङमै आक्रामक विक्री भएपछि फिल्मको ओपनिङ नै बम्पर भयो । 'वर्ड अफ माउथ' बलियो हुँदा फिल्मले पहिलो हप्ता साढे ७ करोड जोड्यो । दोस्रो हप्तामा बलिउड सुपरस्टार सलमान खानको फिल्म रिलिज हुँदा समेत 'जारी'को व्यापार कमजोर भएन ।

दुई हप्तामा १३ करोड कमाएको फिल्म तेस्रो हप्तामा पनि बलियो देखिएको छ । प्राय: हलमा आइतबार समेत फिल्मको अकुपेन्सी ५० प्रतिशतमाथि छ । फिल्मले प्रदर्शनको तीन हप्तासम्ममा १५ करोड ग्रस कलेक्सन गर्न सक्ने प्रक्षेपण गरिएको छ । शुक्रबारबाट प्रदर्शनमा आएका तीन फिल्म 'कैदीको पत्र', 'प्रसाद २' र 'नाईं नभन्नू ल ६' समेत 'जारी'को अगाडि अत्यन्त निरीह देखिएका छन् ।

फिल्मले नेपालमा मात्र होइन, विदेशमा पनि आक्रामक कमाई गरिरहेको छ । यतिबेला निर्देशक उपेन्द्र सुब्बा, अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर फिल्मको प्रदर्शनका लागि बेलायतमा छन् । त्यहाँ फिल्मको हरेक शो हाउसफुल भैरहेको जानकारी प्राप्त छ । निर्देशक सुब्बाले जारी प्रथालाई मियो बनाएर प्रेमकथामार्फत् लिम्बू परम्परा, भाषा र संस्कृतिलाई पनि पस्किएका छन् ।

# 'दुई कदम'मा प्रेमिल गौरव र विमला



काठमाडौं/अभिनेता गौरव पहारीको फिल्ममा व्यस्तता बढ्न थालेको छ । उनले गत हप्ता मात्र फिल्म 'नम्बरी सुन'को छायांकन पूरा गरेका थिए । यसलगत्तै उनी फिल्म 'दुई कदम'को छायांकनमा व्यस्त भएका छन् । फिल्ममा उनको जोडी अभिनेत्री विमला लिम्बुसँग बाँधिएको छ । सुटिङ सेटबाट फिल्मको टिमले उपलब्ध गराएको तस्बिरहरुमा गौरव र विमला रोमान्टिक भावमा देखिएका छन् ।

उदय सुब्बाको निर्देशन रहेको फिल्मको अब २० प्रतिशत छायांकन हुन बाँकी छ । मुस्ताङमा एक गीतको छायांकनपछि यतिबेला पूर्वका धनकुटा, तेह्रथुमको वसन्तपुर, इलाम, झापा र धरानमा छायांकन भैरहेको फिल्ममा दयाराम घिमिरेको कथा लेखन, विक्रम डिसीको छायांकन, ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत, राजु किराँतीको द्वन्द्व र रामजी लामिछानेको कोरियोग्राफी छ ।

अजम्बरी फिल्म्सको ब्यानरमा तारादेवी लिम्बुको निर्माण रहेको फिल्ममा सुनिल थापा (राते काइँला), बुद्धि तामाङ, इओन लिम्बु, सिमोन गिरी, अर्जुन गुरुङ 'भंगेरी', कविता आले मगर, चन्दा दाहाल, जीवन लिम्बुलगायतको अभिनय छ । फिल्मलाई आगामी भदौमा प्रदर्शनको तयारी गरिएको छ । गौरवले धेरै समयपछि फरक प्रेमकथामा काम गर्न पाउँदा खुशी लागेको बताएका छन् ।

# गठबन्धन जोडघटाउकै अलमलमा प्रचण्ड

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सरकारमा सहभागी हुन आग्रह गरेका छन् । रास्वपा सभापति रवि लामिछानेसँग सोमबार बिहान भेटमा प्रधानमन्त्री प्रचण्डले सरकारमा सहभागी हुन प्रस्ताव गरेका हुन् ।

सभापति लामिछानेले भने सरकारमा सहभागी हुनु अगाडि पार्टीले अगाडि बढाउने एजेण्डा सम्बोधन हुनुपर्ने शर्त राखेको रास्वपाका महामन्त्री मुकुल ढकालले बताए । 'प्रधानमन्त्रीले रास्वपालाई सरकारमा आउन भन्नुभयो,' ढकालले भने, 'तर सभापतिले भ्रष्टाचारीको फाइल खोल्ने कुरालाई सरकारले नीति तथा कार्यक्रमबाट हटाएको विषय उठाउनुभयो ।'

उनका अनुसार, आइतबार भएको सम्वादकै आधारमा रास्वपा सरकारमा जाने सम्भावना कम छ । 'पार्टी निर्माण गर्न र सरकारमा नजान जनताले सन्देश दिएको बुझेका छौं', ढकालले भने, 'सभापतिले पनि हामीले प्रतिपक्षमा बस्छौं भन्ने कुरा भन्नुभयो ।'

सरकारमा जाने वा नजानेबारे रास्वपाले सोमबार बस्ने बैठकबाट औपचारिक निर्णय गर्ने तयारी गरेको छ । १० वैशाखमा सम्पन्न उपनिर्वाचनबाट सभापति लामिछाने चितवन-२ र स्वर्णिम वाग्ले तनहुँ-१ बाट फराकिलो मतान्तरले जितेर आएका छन् । उपनिर्वाचन लगत्तै प्रधानमन्त्री प्रचण्डले र स्वपालाई सरकारमा ल्याउने पहल अगाडि बढाएका हुन् ।

संस्कृति, पर्यटन एवम् नागरिक उड्ययन मन्त्री सुदन किराँतीले शुक्रबार सार्वजनिक रुपमै रवि लामिछानेलाई रोजेको मन्त्रालय दिएर सरकारमा सहभागी गराउनुपर्ने अभिव्यक्ति दिएका थिए । यसको दुई दिनभित्रै प्रधानमन्त्री प्रचण्डले सभापति लामिछानेलाई भेटेरै सरकारमा सामेल हुन आग्रह गरेका छन् ।

नेताहरुका अनुसार, रास्वपालाई सरकारमा सहभागी गराउने प्रचण्डको मनसायकै कारण मन्त्रिपरिषद विस्तार फेरि रोकिएको छ । यसअघि उपनिर्वाचन लगत्तै मन्त्रिपरिषदलाई पूर्णता दिने प्रचण्डको तयारी थियो । तर उपनिर्वाचनमा रास्वपा सभापति लामिछानेले गत मंसिरको आमचुनाव भन्दा धेरै मत ल्याएर जिते भने सत्तारुढ गठबन्धनका उम्मेदवार कांग्रेसका गोविन्द भट्टराईलाई हराएर तनहुँबाट रास्वपाको अर्को सिट बढ्यो ।

उपनिर्वाचनको यही नतिजापछि प्रधानमन्त्री प्रचण्ड आफैं रास्वपालाई सरकारमा सहभागी हुन आग्रह गर्ने अवस्थामा देखिएका छन् । जबकी यसअघि रास्वपाले १० पुसको सहमति अनुसार, गृह मन्त्रालय नपाएकै भनेर गत २२ माघमा सरकार छोड्ने निर्णय लिएको थियो । तर अहिले तिनै रास्वपा फकाउनतिर प्रचण्ड लाग्दा मन्त्रिपरिषदले पूर्णता पाउन सकेको छैन ।

अझ रास्वपाले सरकारमा सहभागी हुने निर्णय लिएमा प्रचण्डले तत्काल मन्त्रिपरिषद विस्तार गर्न सक्ने अवस्था देखिँदैन । किनकी रास्वपा सरकारमा सहभागी भए अहिले सत्तारुढबीच भएको भागबण्डा फेरि भत्काउनुपर्ने हुनसक्छ । त्यसका लागि सत्तारुढ नेताहरु फेरि अर्को छलफलमा बस्नुपर्ने र नयाँ तरिकाले भागबण्डा गर्नुपर्ने अवस्था आउन सक्छ । अर्थात् लगातार सत्ता गठबन्धन भत्काउने र बनाउनेमै फेरि पनि प्रचण्डको समय जाने देखिन्छ । तीनै तहको चुनावमा सहकार्य गरेको नेपाली कांग्रेस नेतृत्वको गठबन्धन तोडेर प्रधानमन्त्री भएपछि प्रचण्ड लगातार सत्ता गठबन्धन बनाउने, भत्काउने, थप्ने र घटाउने गरिरहेका छन् ।

१० पुसमा एमाले नेतृत्वमा सात दलीय गठबन्धन बनेको थियो । त्यसै आधारमा प्रचण्ड प्रधानमन्त्री भए । तर प्रचण्डले गठबन्धन बदल्ने मनसाय बनाएपछि सुरुमा रास्वपा, अनि राप्रपा र एमाले सत्ताबाट बाहिरियो ।

२५ फागुनको राष्ट्रपति चुनावका लागि १३ फागुनमा प्रधानमन्त्री प्रचण्ड कांग्रेस नेतृत्वको गठबन्धनमै फर्कने निर्णयमा पुग्दा सत्ता गठबन्धन १० दलीय हुन पुग्यो । तर त्यो गठबन्धन एकमत देखिएन । १० वैशाखको उपनिर्वाचनमा दश दलीय गठबन्धन एक ठाउँ रहन सकेन ।

प्रमुख पाँच दलबीच रास्वपा, जनमत पार्टी र नागरिक उन्मुक्तिले अलग्गै उम्मेदवारी दियो । रास्वपाले सत्तारुढकै गठबन्धन हराएर चुनाव जित्यो । यो गठबन्धन बनाउने र भत्काउने चक्रमा प्रचण्डको मन्त्रिपरिषद अहिलेसम्म पूर्ण हुन सकेको छैन । प्रचण्ड नेतृत्वको यो सरकारबाट राजीनामा दिने मन्त्री संख्या १७ पुग्दा अझै चार मन्त्रालयले विभागीय नेतृत्व पाउन सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक




वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# थाहा बसपार्क सञ्चालन गर्न व्यवस्थापन समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ थाहा नगरपालिका वडा नम्बर ४ स्थित निर्माणाधीन थाहा बसपार्क सञ्चालनमा नआएको भन्दै स्थानीयले बसपार्क सञ्चालनको माग गर्दै थाहा बसपार्क व्यवस्थापन समिति गठन गरेका छन् ।



नगरको गौरवको आयोजना बसपार्कमा बनेको संरचना संरक्षण नहुँदा क्षतबिक्षत भएको तथा बसपार्क सञ्चालन गर्न आवश्यक संरचना तयार हुँदासमेत बसपार्क संचालनमा सम्बन्धित निकायको ध्यानाकर्षण नभएको भन्दै स्थानीयले बसपार्क संरक्षण र सञ्चालनको निम्ति व्यवस्थापन समिति गठन गरेका हुन ।

रामराजा केसीको अध्यक्षतामा ११ सदस्यीय बसपार्क व्यवस्थापन समिति गठन गरिएको समितिका सचिव ज्ञानेन्द्र अधिकारीले जानकारी दिए । नवगठित व्यवस्थापन समितिमा उपाध्यक्ष कुमार खत्री, सचिव ज्ञानेन्द्र अधिकारी, कोषाध्यक्ष अमिता केसी विष्ट तथा सदस्यहरुमा हरिकृष्ण केसी, लवकुमार केसी, नवीन अधिकारी, देशराज केसी, शर्मिला अधिकारी, बिन्दा केसी र सुनिता अधिकारी छन् ।

श्रीकृष्ण केसीको संयोजकत्वमा ४ सदस्यीय सल्लाहकार समितिसमेत चयन गरिएको छ । जसको सदस्यमा अजित खत्री, पुरुषोत्तम केसी र संग्राम विष्ट छन् । नवगठित बसपार्क व्यवस्थापन समितिलाई दर्ताको लागि सम्बन्धित निकायमा पहल गरिने निर्णय गरिएको सचिव ज्ञानेन्द्र अधिकारीले जानकारी दिए ।

# अन्तिम संस्कार समितिको अध्यक्षमा ढकाल



साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ हेटौंडा उपमहानगरपालिका-६, स्थित अन्तिम संस्कार सहयोग समितिको वार्षिक साधारणसभा अधिवेशन शनिबार सम्पन्न भएको छ ।

साधारणसभाको बन्दसत्रले तारानाथ ढकालको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा केशवप्रसाद कोईराला, सचिवमा गंगा, कोषाध्यक्षमा मदन न्यौपाने चयन भएका छन् । यसैगरी सदस्यहरुमा दक्षु सुवेदी, लक्ष्मण चौलागाई, पवित्रा रुम्बा, कमला आचार्य, नेत्रप्रसाद चौलागाईं, नारायणप्रसाद लामिछाने र लक्ष्मण खनाल चयन भएका छन् । सल्लाहकारमा रामकुमार श्रेष्ठ, खडानन्द चौलागाई, राजेन्द्रप्रसाद चौलागाई, विजयकुमार हुमागाई र चित्रकुमार दुलाल सल्लाहकार चयन भएका छन् ।

साधारणसभामा खडानन्द चौलागाई, सूर्यप्रसाद दुलाल, हरिप्रसाद पौडेल, भीमसेन पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए । साधारण सभामा समितिका सचिव राजेन्द्रप्रसाद चौलागाईले प्रस्तुत गरेको अन्तिम संस्कार सहयोग समितिको कार्यविधि-२०८० सर्वसम्मत पारित गरेको छ ।

रक्षादेवी, दिव्यनगर र प्रभातकालीन टोल विकास समिति मिलेर गठन भएको समितिमा १ सय ६५ घरधुरी आबद्ध छन् । साधारणसभा समितिका अध्यक्ष रामकुमार श्रेष्ठको अध्यक्षतामा भएको थियो ।



बाँसको सामग्री बनाउने तालिमको दोश्रो दिन मकवानपुरगढीका महिलाहरु सीप सिक्दै । मकवानपुरगढी-२, शिखरकटेरीमा महिलाहरुलाई बाँसको सामग्री बनाउन सिकाएर स्वरोजगार तथा उद्यमशीलता बन्न सहयोग पुऱ्याएको गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । *तस्बिर: साझाकुरा ।*

# विदेशी श्रमिकलाई पारिश्रमिक लैजान राष्ट्र बैंकको सहजीकरण

काठमाडौं/नेपाल राष्ट्र बैंकले नेपालमा कार्यरत विदेशी नागरिकलाई पारिश्रमिक लैजान सहजीकरण गरेको छ । राष्ट्र बैंक विदेशी विनियमय व्यवस्थापन विभागले विदेशी विनिमय व्यवस्थापन सम्बन्धी एकीकृत निर्देशन २०७९ लाई संशोधन गर्दै उक्त व्यवस्था गरेको हो ।

तर, अब रोजगार सम्झौता र श्रम स्वीकृति बहाल रहँदासम्म रोजगारदातसँग सम्झौता भएको पारिश्रमिकमा कर कट्टी पछि हुने रकमको ७० प्रतिशत पारिश्रमिक लैजाने पाउने भएका छन् । यसअघि यस्तो सीमा मासिक १२ हजार र वार्षिक ७२ हजारको रहेको थियो । तर अब राष्ट्र बैंकले उक्त सीमा हटाएको छ ।

यस्तै विदेशी नागरिकले नेपालको वायुसेवा क्षेत्रमा काम गर्दा पाउने पारिश्रमिकको कर तिरेपछिको ७० प्रतिशत रकम सहज रुपमा लैजान सक्ने गरी राष्ट्र बैंकले व्यवस्था गरेको हो ।

'नेपालका वायुसेवा प्रदायक कम्पनीहरूमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि वहाल रहेको अवस्थामा रोजगार दातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानुनबमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७० (सत्तरी) प्रतिशतसम्मको रकम भुक्तानीको तोकिएका कागजातको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा (भारतीय नागरिकको हकमा भारतीय मुद्रामा) सम्बन्धित मुलुकमा पठाउन सकिनेछ' राष्ट्र बैंकले जारी गरेको निर्देशनमा भनिएको छ ।

यसअघि प्रतिवर्ष ७२ हजारको सीमा रहेकोमा अब उक्त सीमा हटाईएको केन्द्रीय बैंकले जनाएको छ । अब कर तिरेपछिको ७० प्रतिशतले हुन आउने रकम जति भएपनि परिवर्त्य विदेशी मुद्रामा सम्बन्धित मुलुकमा पठाउन सकिने भएको हो ।

**डलर खाताबाट विदेशी शोधकर्तालाई भुक्तानी गर्नसक्ने**

परिवर्त्य विदेशी मुद्रामा खोलिएको डलर खाताबाट खर्च गर्न सक्ने दायरा समेत विस्तार गरेको छ । राष्ट्र बैंकले विदेशी शोधकर्ता र प्राध्यापकबाट नेपाली विश्वविद्यालयले दिने सेवाको भुक्तानी समेत गर्नसक्ने व्यवस्था गरेको हो ।

यसअघि यस्तो खाताबाट आफ्नो तथा आफ्नो मातहतको लागि विदेशी संस्थाबाट लिने विविध सेवा, अदृश्य आयात लिए/गरेको पुष्टि हुने कागजात/बिल बिजकको आधारमा मासिक १५ हजार बढीमा अमेरिकी डलर वा सो बराबर हुने रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्न सकिने व्यवस्था थियो । तर, अब उक्त खाताकाटै नेपाली विश्वविद्यालयले लिने सेवाको हकमा विदेशी प्राकृतिक व्यक्ति (शोधकर्ता/प्राध्यापन पेशाकर्मी) लाई समेत भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ । यस्तो भुक्तानीको सीमा वार्षिक ५० हजार अमेरिकी डलर रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

# सर्पको टोकाईबाट कंडेलको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ सर्पले टोक्दा हेटौंडा उपमहानगर पालिका-१९, बस्तीपुर बस्ने अन्दाजी ३५ वर्षीय सोनु कंडेलले मृत्यु भएको छ ।

आइतबार बिहान कंडेलले घर नजिकैको जंगलबाट सर्प घर ल्याएका थिए र सर्पलाई खेलाउने क्रममा सर्पले डसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सर्पको टोकाईबाट गम्भीर उनको उपचारका क्रममा अपरान्ह हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जनाए ।

# साढे दुई महिना भारतमा उपचार पछि फर्किए सांसद चन्द्र भण्डारी

काठमाडौं/ग्यास चुहावटका कारण भएको आगलागीमा जलेर गम्भीर घाइते भएका नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी साढे दुई महिना भारतमा उपचारपछि आइतबार स्वदेश फर्किएका छन् ।

उनले आफ्नो उपचारमा सहयोग गर्ने र स्वास्थ्यलाभको कामना गर्ने सबैलाई धन्यवाद दिएका छन् । ३ फागुन २०७९ मा घरमै भएको आगलागीमा परी भण्डारीकी आमाको भने निधन भएको थियो । आगामी दिनमा आगलागीबाट हुने घटनाहरु कम गर्न नीति निर्माण तहमा वा अन्य कुनै पनि ढंगले योगदान गर्न सके आमाका लागि श्रद्धाञ्जली हुने सांसद भण्डारीले बताएका छन् ।

उनले अब नेपालमा आगलागीबाट हुने घटनाहरु कम गर्न तथा आगलागीबाट हुने मृत्युदर कम गर्न पैरवी गर्ने घोषणा पनि गरेका छन् । 'त्यसैले मेरो अभियान हुनेछ, कुनै नेपालीले आगोमा जल्नुनपरोस्, आगलागीमा परेको कुनै पनि नेपालीले मर्नु नपरोस्' भण्डारीले स्वदेश फर्केपछि जारी गरेको प्रेस नोटमा भनेका छन् ।

विदेशमा उपचार गर्न जाने आफ्नो चाहना नभएको तर चिकित्सकहरुले यहाँ सम्भव नहुने देखेर भारत लैजान सिफारिस गरेको भन्दै भण्डारीले आगामी दिनमा आगलागीमा परेका नेपालीको उपचार गर्न सक्ने पूर्वाधार र जनशक्ति नेपालमै तयार गर्नुपर्ने बताए ।

'म नेपाल सरकारलाई त्यो पूर्वाधारसहितको सातैवटा प्रदेशमा कमसेकम एक एक वटा बर्नस् अस्पताल बनाउन र जनशक्ति तयार गर्न आवश्यक बजेट व्यवस्थ ागर्न आग्रह गर्न चाहन्छु' भण्डारीले भनेका छन् ।

# छोराको जन्मदिनमा विद्यार्थीलाई ट्र्याक सुट

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ भीमफेदी गाउँपालिका-९, स्थित लेकाली बसिफाँटका विद्यार्थीहरुलाई एक दम्पतीले आफ्नो छोराको जन्मदिनको अवसरमा न्यानो कपडा ट्र्याक सुट दिएका छन् ।




विद्यालयमा अध्यनरत् ६० जना विद्यार्थीहरुलाई काठमाडौं कीर्तिपुर बस्ने हरिकृष्ण बस्नेत र रमा बस्नेत दम्पतीले कपडा सहयोग गरेको हो । आफ्नो छोरा सञ्जय बस्नेतको जन्मदिनको अवसर पारेर विद्यालयको लोगो र नामसहितको ट्र्याक सुट वितरण गरेको विद्यालयका प्रधानाध्यापक एलएल मण्डलले जानकारी दिए । बस्नेत दम्पतीले विद्यार्थीलाई सहयोग गर्न पाउँदा खुशी महसुश भएको बताउँदै आगामी दिनमा पनि निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाए ।

जन्मदिन वा विभिन्न बहानामा पार्टी प्यालेस गएर पैसा उडाउने चलनले प्रश्रय पाइरहेको अवस्थामा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई यस्ता सहयोगले सकारात्मक प्रभाव पार्ने प्रअ मण्डलको विश्वास छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष विनोदकुमार लामाले विद्यालयलाई आवश्यक पर्ने शैक्षिक सहयोगको निरन्तरता दिन आग्रह गर्दै बस्नेत दम्पतीलाई धन्यवाद दिए ।

# समाज कल्याण टोलमा बाटो स्ल्याब ढलान

साझाकुरा संवाददाता

हेटौंडा, १७ वैशाख/ हेटौंडा उपमहानगरपालिका-४ मा रहेको समाज कल्याण टोल विकास क्षेत्रमा आइतबार सडकमा स्लाब ढलानको कार्य सुरुवात गरिएको छ ।

हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यतामा स्लाब ढलान कार्यको उद्घाटन गरिएको हो । समाज कल्याण टोल विकास संस्थाका अध्यक्ष यतिराज दंगालको सभाध्यक्षतामा भएको कार्यक्रममा ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देल, उपभोक्ता समितिका अध्यक्ष खिलाप्रसाद घिमिरे तथा स्थानीयबासीलगायतको उपस्थिति थियो ।

नगरपालिकाको २५ लाख बजेटमा जनश्रमदानबाट १० प्रतिशत र उपभोक्ता समितिबाट १० प्रतिशत गरी करिब ३१ लाख २५ हजारमा नालासहित स्ल्याब ढलान निर्माण गरिने टोल विकासका अध्यक्ष दंगालले बताए ।

५ मिटर चौडा र तीन सय मिटर लम्बाई स्ल्याब ढलान गरिने अध्यक्ष दंगालले बताए । उपमहानगरपालिकाले हेटौंडाको विभिन्न स्थानमा स्ल्याब ढलानबाट सडक निर्माणको कार्य गरिरहेको छ । सडक निर्माणपश्चात् स्थानीय र आवातजावत गर्ने यात्रीहरुलाई सहज भएको छ ।

# घट्दै चितवन राष्ट्रिय निकुञ्जको घाँसे मैदान

चितवन/चितवन राष्ट्रिय निकुञ्जमा घाँसे मैदानको क्षेत्रफल घट्दै गएको छ । मिचाहा प्रजाति बढ्दै जानु र बजेट अभावमा काम हुन नसक्दा घाँसे मैदान घट्दै गएको हो । निकुञ्जका सूचना अधिकारी गणेश प्रसाद तिवारीका अनुसार निकुञ्जमा सन् १९७० को दशकमा कूल क्षेत्रफलको २० प्रतिशत घाँसे मैदान थियो ।

सन् २०१५ मा गरिएको सर्वेक्षणले क्षेत्रफल घटेर नौ दशमलव ६१ प्रतिशतमा सीमित भएको छ । उहाँका अनुसार बासस्थान संरक्षण र व्यवस्थापनका लागि कम्तीमा १० प्रतिशत घाँसे मैदान आवश्यक पर्दछ ।

निकुञ्जले घाँसे मैदान व्यवस्थापन अन्तर्गत जरासहित रुख उखेल्ने, झारपात सफा गर्ने, अग्लो घाँस ढड्डी काट्ने, नियन्त्रित आगो लगाउने, स-साना पोथ्रा हटाउने, रुखको मुना हटाउने र मिचाहा प्रजाति नियन्त्रण गरी हटाउने जस्ता कार्यक्रम गर्ने गरेको छ ।

निकुञ्जले पुराना घाँसे मैदानको व्यवस्थापन र नयाँ घाँसे मैदान निर्माण गर्दै आएको छ । तिवारीका अनुसार आर्थिक वर्ष २०७६/७७ मा रु तीन करोड १० लाख बजेटमा छ सय हेक्टर घाँसे मैदान निर्माण गरिएको थियो । सोही वर्ष रु २८ लाख ९९ हजार बजेटमा ५७ दशमलव ७९ हेक्टर क्षेत्रफलमा घाँसे मैदान व्यवस्थापन गरिएको थियो ।

यसैगरी आव २०७७/७८ मा रु तीन करोड ५० लाख बजेटमा सात सय हेक्टर क्षेत्रफलमा घाँसे मैदान निर्माण गरिएको थियो भने सोही वर्ष रु ९९ लाख ५७ हजार बजेटमा चार सय हेक्टर क्षेत्रफलमा घाँसे मैदान व्यवस्थापनको काम भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा रु २५ लाख बजेटमा ५० हेक्टरमा नयाँ घाँसे मैदान निर्माण गरिएको थियो भने रु ३८ लाख ३५ हजार मा ३०८ हेक्टर पुरानो घाँसे मैदान व्यवस्थापन गरिएको छ । चालु आवमा रु २५ लाख बजेटमा ५० हेक्टर नयाँ घाँसे मैदान व्यवस्थापन गरिएको र भने रु ३३ लाख ३७ हजार मा दुई सय २५ हेक्टर क्षेत्रफलमा घाँसे मैदान व्यवस्थापनको काम भएको छ ।

गैंडालगायतका बाघको आहारा प्रजातिका जनावरका लागि घाँसे मैदान महत्वपूर्ण मानिन्छ । यसका साथै पानीको स्रोतको पनि व्यवस्थापन महत्वपूर्ण छ । निकुञ्जभित्र करिब ११० वटा साना ठूला ताल, घोल र पोखरी छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Jumbo Moters Pvt.Ltd. कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric Scooter | 2000 watt | Juneng | Bravoii | 72volt | China | 10 PCS | 3,70,000.00 | |

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरूको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना